नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

पत्र सङ्ख्याः
चलानी नम्वरः

फोन नं. ४२००३०९
४२००२८१

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार, काठमाडौं २०७४

## प्रेस विज्ञप्ति

२०७४/१२/०९

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको विकास निर्माण सम्बन्धी कार्य सञ्चालनको लागि गाउँपालिका/नगरपालिकाले उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन गर्न स्थानीय कानून बनाउनुपर्ने अनिवार्यता रहेकोले स्थानीय तहले तर्जुमा गर्ने उपभोक्ता समितिको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कानून निर्माण गर्न सहयोग एंव सहजीकरण पुग्न सकोस् भन्ने अभिप्रायले मन्त्रालयले **स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४ (नमूना)** स्वीकृत गरी मन्त्रालयको वेवसाइट (www.mofald.gov.np) मा राखिएको छ ।

यस नमूना कार्यविधिभित्र उपभोक्ता समिति गठन सम्बन्धी व्यवस्था, उपभोक्ता समितिका सदस्यको योग्यता, उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार, आयोजना कार्यान्वयन, आयोजना सम्झौताका लागि आवश्यक पर्ने कागजातहरु, उपभोक्ता समितिको क्षमता विकास, खाता सञ्चालन र भुक्तानी प्रकृया, अनुगमन सम्बन्धी व्यवस्था तथा उपभोक्ता समितिको दायित्व जस्ता विषयहरु समावेश गरिएको छ । यस नमूनालाई आधार मानी गाउँपालिका तथा नगरपालिकाहरुले उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी आवश्यक कार्यविधि बनाई लागू गर्ने कार्यमा सहयोग पुग्ने अपेक्षा मन्त्रालयले लिएको छ ।

आनन्दराज ढकाल
सह-सचिव
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(संघीय मामिला)